स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता दयाहाङ राईको मुख्य भूमिका रहेको नेपाली चलचित्र "पेन्सन पठ्ठा"ले घरेलु बक्स अफिसमा उत्साहजनक व्यापार गरेको छ। माओत्से गुरुङको लेखन तथा निर्देशनमा बनेको चलचित्रले यस वर्षका सफल नेपाली चलचित्रमध्ये आफूलाई उठ्याइएको छ। भदौ २६ गतेदेखि प्रदर्शनमा आएको चलचित्रले नेपाली समाजको लाहुरे परिवार, पारिवारिक सम्बन्ध, प्रेम, त्याग र पुस्तान्तरणको कथालाई पर्दामा उतारेको छ।

आजको विचार...



राष्ट्र...
(दुई पेजमा)

धर्मेन्द्र झा

फिल्म "जदौ"को "तिमीसँग नबोली.." बोलको गीत सार्वजनिक भएको छ। गीतमा नायिका नीति शाह र नायक प्रभात पाल ठकुरी रोमान्टिक भावमा प्रस्तुत भएका छन्। किरण राजमेर र मनिषा सुनारको स्वर, गोपाल लोहारको शब्द र अर्जुन पोखरेलको संगीत रहेको गीतको भिडियो कोरियोग्राफी रामजी लामिछानेले गरेका हुन्। अन्जन शर्मा र काजी लिम्बूको संयुक्त निर्देशन रहेको फिल्म ९ असोजमा देशब्यापी प्रदर्शनमा आएको छ। अन्तरजातीय प्रेम सम्बन्धको बिषयको रिस्क्रिट निर्देशक लिम्बूले लेखेका हुन्।



❐ वर्ष ३२ ❐ अंक ११७ ❐ २०८३ मंसिर ८ गते मंगलबार 24 November 2026, Tuesday ❐ पृष्ठ संख्या 8 मूल्य रू ५/-

संक्षिप्त समाचार

यमनमा साउदी आक्रमण १० जनाको मृत्यु

एजेन्सी

यमन, मंसिर ७/ यमनको प्रमुख बन्दरगाह सहर होडेइडामा साउदी अरेबियाले गरेको आक्रमणमा कम्तीमा १० जनाको मृत्यु भएको छ भने २० भन्दा बढी घाइते भएका छन् । हुथी विद्रोहीसँग सम्बन्धित सञ्चारमाध्यमले सोमबार उक्त जानकारी दिएका हुन् ।

हुथीहरूको अलमसिराह टेलिभिजन च्यानलका अनुसार यमनको पब्लिक टेलिकम्युनिकेसन कर्पोरेसनसँग सम्बन्धित भवनलाई लक्षित गरी आक्रमण गरिएको हो । च्यानलले सुरुमा चार जनाको मृत्यु भएको जनाएको थियो भने केही घण्टापछि मृतकको संख्या बढाएर १० पुगेको उल्लेख गरेको छ । साउदी अरेबियाले घटनाबारे तत्काल कुनै प्रतिक्रिया दिएको छैन ।यमनका विभिन्न भूभाग र होडेइडा बन्दरगाह नियन्त्रणमा राख्दै आएका इरान समर्थित हुथी विद्रोही अन्तर्राष्ट्रिय मान्यताप्राप्त यमनी सरकारलाई समर्थन गर्ने साउदी नेतृत्वको गठबन्धनसँग लामो समयदेखि सैर्धरत छन् ।साउदी नेतृत्वको गठबन्धनले आफ्नो देशको पश्चिमी लालसागर तटतर्फ प्रहार गरिएको ब्यालेस्टिक क्षेप्यास्त्र रोकेको जनाएको एक दिनपछि यो आक्रमण भएको हो । उक्त क्षेत्रमा प्रमुख तेल प्रतिष्ठानहरू रहेका छन् ।

लुम्बिनीका १० जिल्ला कुष्ठरोगको जोखिममा

देशभरका नयाँ सङ्क्रमितमध्ये २५ प्रतिशत यहाँका

राष्ट्रिय समाचार समिति (रासस) बाँके, मंसिर ७/ लुम्बिनी प्रदेशका १० जिल्ला कुष्ठरोगको जोखिममा रहेको पाइएको छ । मधेस प्रदेशपछि लुम्बिनी कुष्ठरोगको दोस्रो उच्च जोखिममा रहेको प्रदेश भएको आइएनएफ नेपालका मेडिकल सर्भिसेज निर्देशक डा. अरुणकुमार बुढाले बताए ।उनका अनुसार रूपन्देही, कपिलवस्तु, पश्चिम नवलपरासीलगायत जिल्ला कुष्ठरोगको जोखिममा छन् ।

नेपालमा कुष्ठरोग देखिएका १८ जिल्लामध्ये १० जिल्ला बाँकेको साइनिङ अस्पतालको सेवाक्षेत्रभित्र पर्छन् । लुम्बिनी प्रदेशमा बालबालिकामा समेत कुष्ठरोगको सङ्क्रमण देखिएको र त्यसको संख्या उच्च रहेको उनले बताए ।कुष्ठरोगको पहिचानमा ढिलाइ हुनुमा गरिबी,



स्वास्थ्य सेवामा पहुँचको अभाव, सामाजिक भेदभाव र लाञ्छना प्रमुख कारण रहेको डा. बुढाको भनाइ छ ।बाँकेको जानकी गाउँपालिका-मानपुरस्थित साइनिङ अस्पताललाई लुम्बिनी प्रदेशसहित पश्चिम नेपालकै कुष्ठरोग तथा उष्ण उपेक्षित रोगसम्बन्धी सेवाको क्षेत्रीय केन्द्रका रूपमा विकास गर्ने योजना अघि बढाइएको छ ।

हाल क्षेत्रीय प्रेषण केन्द्रका रूपमा सञ्चालन भइरहेको अस्पताललाई कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका बिरामीको उपचार केन्द्र बनाउने लक्ष्य रहेको उनले बताए । यो योजना नेपाल सरकारको शून्य कुष्ठरोग रणनीतिसँग सम्बन्धित रहेको उनको भनाइ छ ।नेपाल सरकारको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा करिब दुई हजार ५०० नयाँ कुष्ठरोगी पहिचान भएका छन् । तीमध्ये करिब २५ प्रतिशत लुम्बिनी प्रदेशका रहेको आइएनएफ नेपाल, साइनिङ अस्पताल बाँकेले जनाएको छ ।कुष्ठरोगको जोखिममा रहेका बिरामीलाई लक्षित गरी अस्पतालको सेवा विस्तार गर्न लागिएको हो । करिब दुई करोड ३५ लाख रुपैयाँको लागतमा अस्पतालको अन्तरङ्ग सेवाका लागि भवन निर्माण भइरहेको छ । पाँचवटा वार्डमा २५ जना बिरामी राख्न सकिने भवनमा ह्विलचेयरमैत्री शौचालय, नर्सिङ स्टेसन, उपचार कक्ष र औषधि भण्डारण कक्षलगायत सुविधा रहनेछन् ।

हालसम्म आइएनएफका पोखरास्थित हरियोखर्क अस्पताल, सुर्खेतस्थित साइनिङ अस्पताल र बाँकेको साइनिङ अस्पतालबाट छ हजार ७९ जनाले निःशुल्क उपचार सेवा लिएका छन् ।अस्पताललाई निरन्तर सञ्चालन गर्न छाला रोग विशेषज्ञ, थेरापिस्ट, कृत्रिम अंग तथा जुत्ता प्रविधिसम्बन्धी जनशक्ति र दक्ष कर्मचारी आवश्यक रहेको डा. बुढाले बताए । अपाङ्गता पुनःस्थापना पनि चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उनले नसर्ने रोगका कारण हुने अपाङ्गताको व्यवस्थापनसमेत चुनौतीका रूपमा रहेको बताए । अस्पतालको सेवा विस्तार र सञ्चालनका लागि लुम्बिनी प्रदेश सरकारको सहकार्य आवश्यक रहेको उनको भनाइ छ ।आइएनएफका अन्तरराष्ट्रिय कार्यकारी प्रमुख रिचर्ड रिभले नेपालमा कुष्ठरोग नियन्त्रणका लागि ठूलो धनराशि खर्च भइरहेको र त्यसबाट आशातीत उपलब्धि हासिल भएको बताए । लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री दिपेन्द्रकुमार पुनले प्रदेश सरकार अस्पतालसँग सहकार्य गर्न तत्पर रहेको बताए । नेपाल सरकारले सन् २०३० सम्म कुष्ठरोग शून्यमा झार्ने रणनीति लिएको छ ।

एचआईभी एड्सबाट बचौ र बचाऔं

एचआईभी एड्स असुरक्षित यौन सम्पर्क, संक्रमित सुई लगायतका कारणले सर्न सक्छ, त्यसैले:

-असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,

-लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,

नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

सकियो दुई दिने पाल्पा सम्पदा साइकलयात्रा

पाल्पा, मंसिर ७/ पाल्पामा सञ्चालित दुई दिने पाल्पा सम्पदा साइकलयात्रा सकिएको छ । यहाँका धार्मिक तथा पर्यटकीय क्षेत्रका प्रचार-प्रसारको लागि आयोजना गरिएको सम्पदा साइकल यात्रा 'पाल्पा हेरिटेज राइड २०८३' सोमबार सकिएको हो ।

तानसेनदेखि सुरु भएको साइकल यात्रा निस्दी गाउँपालिकाको झिरुवास काउलेडाँडा हुँदै रामपुर पुगेर समापन गरिएको जिल्ला साइक्लिङ संघले जनाएको छ । सहभागीहरुले तानसेन नगरपालिका, बगनासकाली, माथागढी, रम्भा, पूर्वखोला, निस्दी गाउँपालिकाका साथै रामपुर नगरपालिकाका विभिन्न पर्यटकीय तथा धार्मिक क्षेत्रको अवलोकन गरेका थिए ।पाल्पाका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको प्रचारप्रसार गर्दै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य राखेर पाल्पा क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य सन्दीप रानाको सहयोगमा साइकलिङ संघले साइकल यात्रा आयोजना गरेको हो । जहाँ विश्व साइकलयात्री तथा



सगरमाथा आरोही पुष्कर शाहसँगै काठमाडौं, पोखरा, कपिलवस्तु रुपन्देही, नवलपरासी, नेपालगञ्जलगायत विदेशबाट समेत १८० साइकल यात्रीहरुको सहभागिता रहेको थियो । उनीहरुले नेपालकै सबैभन्दा ठूलो कबुलियती वन अन्तर्गत ५० लाख अम्लिसो रोपण गरिएको क्षेत्र काउलेडाँडा र स्थानीय मगर संस्कृतिका साथै खानपिनमा सहभागी हुन पाउँदा अत्यन्त उत्साहित भएको संघका अध्यक्ष रुपेश महर्जनले बताए । साइकल यात्राका सहभागीहरुलाई पाल्पा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य सन्दीप राना, रामपुर नगरपालिकाका नगरप्रमुख रमण बहादुर थापा, आयोजक पाल्पा जिल्ला साइक्लिङ संघका अध्यक्ष रुपेश महर्जन लगायतले मेडल प्रदान गरेका थिए । ओझेलमा परेका पर्यटकीय गन्तव्यलाई साइकल यात्रामार्फत देशविदेशमा चिनाउने उद्देश्यले राखेको तेस्रो संस्करणको हेरिटेज राइडले ग्रामीण पर्यटनलाई प्रवर्द्धन गरेको प्रतिनिधिसभा सदस्य रानाले बताए । उनले यस्ता कार्यक्रमले प्रचारको अभावमा ओझेलमा परेका गन्तव्यलाई देशविदेशका पर्यटकमाझ परिचित गराउनुका साथै स्थानीय पर्यटन व्यवसायलाई समेत चलायमान बनाउन सक्ने धारणा राखे ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

सम्पादकीय

बाढीपीडितको पीडा सुन

प्राकृतिक विपत्ति बाजा बजाएर आउँदैन । बाढी, पहिरो र डुबानजस्ता विपत्तिले एकैछिनमा नागरिकको वर्षौंको मेहनत, सम्पत्ति र जीविकोपार्जनको आधार समाप्त पार्न सक्छन् । यस्तो कठिन अवस्थामा प्रभावित नागरिकलाई राहत दिने, उनीहरूको जीवन सामान्य बनाउन सहयोग गर्ने र क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्ने जिम्मेवारी राज्यको हो । तर, विपत्ति आएको लामो समय बितिसक्दा पनि पीडितले सामान्य राहतसमेत पाउन नसक्नु राज्यको विपद् व्यवस्थापन प्रणालीमाथि गम्भीर प्रश्न हो । गत असोज ११ गते कालीगण्डकी नदीमा आएको बाढीबाट प्रभावित गुल्मीको कालीगण्डकी क्षेत्रका बासिन्दाको वर्तमान अवस्था यसैको उदाहरण बनेको छ । असोजको पहिलो साता लगातार पाँच दिनसम्म परेको अविरल वर्षापछि कालीगण्डकी नदीमा आएको बाढीले नदी आसपासका बस्ती, बजार, घर, सडक, पुल तथा व्यावसायिक प्रतिष्ठानमा ठूलो क्षति पुऱ्यायो । करोडौँ रुपैयाँ बराबरको भौतिक सम्पत्ति नष्ट भयो । हर्मिचौर र स्याङ्जाको मिर्मी जोड्ने ड्यामसाइडस्थित पक्की पुल बगाउँदा यातायात आवागमन प्रभावित बन्यो । पुर्तिघाट बजार आसपासका होटल, ग्यारेज, विद्युतीय सवारीसाधन चार्जिङ सेन्टर, विद्युत् ट्रान्सफर्मर तथा कालीगण्डकी करिडोरका विभिन्न सडक खण्डमा समेत क्षति पुग्यो । बाढीले भौतिक संरचनामा मात्रै क्षति पुऱ्याएन, स्थानीयको रोजगारी, व्यापार व्यवसाय र दैनिक जनजीवनलाई समेत नराम्ररी प्रभावित बनायो ।

विपत्ति आएपछि जनप्रतिनिधि, राजनीतिक दलका नेता तथा सरकारी निकायका अधिकारीहरूले प्रभावित क्षेत्रको निरीक्षण गरी सहयोगका लागि पहल गर्ने आश्वासन पनि दिए लामो समय बितिसक्दा समेत पीडितको हातमा राहत पुग्न सकेको छैन । क्षतिग्रस्त सडक, पुल र अन्य संरचनाको पुनर्निर्माण प्रक्रिया पनि अघि बढ्न सकेको छैन । निरीक्षण र आश्वासनमै सरकारी सक्रियता सीमित हुँदा पीडित नागरिक निराश बन्नु स्वाभाविक हो ।

राहत तथा पुनर्निर्माणका लागि स्थानीय तहले संघीय सरकारसँग अनुरोध गरेको भए पनि अहिलेसम्म ठोस काम हुन सकेको छैन । कालीगण्डकी करिडोर तथा आसपासका सडक र पुलको क्षति केवल स्थानीय आवागमनको समस्या मात्र होइन । यसले व्यापार, पर्यटन, कृषि उपजको ढुवानी र अन्तरजिल्ला सम्पर्कलाई समेत प्रभावित बनाउँछ । त्यसैले यस्ता संरचनाको मर्मत तथा पुनर्निर्माणलाई प्राथमिकतामा राख्न आवश्यक छ । बाढीपीडितको पीडा अब आश्वासनले मात्रै कम हुने अवस्था छैन । उनीहरूलाई तत्काल राहत, क्षतिअनुसारको सहयोग, व्यवसाय पुनः सञ्चालनका लागि सहुलियत र क्षतिग्रस्त सडक तथा पुलको पुनर्निर्माण आवश्यक छ । विपत्तिमा परेका नागरिकलाई राज्य छ भन्ने अनुभूति दिलाउनु सरकारको पहिलो दायित्व हो । यसर्थ अब निरीक्षण र आश्वासन होइन राहत र पुनर्निर्माणलाई व्यवहारमा उतार्न जरुरी छ ।

Opinion @ Social Network

ऋण पनि थिएन, रहर पनि थिएन !
सबै भन्दा ठुलो त जिम्मेवारी थियो त्यसैले प्रदेशिए ।
(सुनिल न्यौपानेको फेसबुक स्टाटसबाट www.facebook.com/Sunil.Neupane)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

राष्ट्र र राष्ट्रियता जोड्ने सेतु बनेको एनपीएल



धर्मेन्द्र झा

नेपाली समाज यतिबेला एक किसिमको अधैर्य र निराशाको मनोविज्ञानबाट गुज्रिरहेको छ भन्दा फरक पर्दैन। राजनीति हाबी भइरहेको नेपाली समाजको मनोविज्ञान केही फरक चाहन्छ र त्यो पनि उपलब्धिमूलक। यस्तोमा क्रिकेट एउटा माध्यम बनेको छ, जसले नेपाली समाजलाई मानसिक रूपमा सन्तुष्टि प्रदान गरेको छ र गरिरहेको छ।

यति मात्र होइन, खासगरी एनपीएलजस्ता आयोजनाले नेपाली समाजलाई एकताको सूत्रमा आबद्ध गर्न पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। एनपीएलले नेपाली समाजमा विगत लामो समयदेखि व्याप्त भूगोल, समुदाय, भाषा र संस्कृतिको छेकबारलाई भत्काएर राष्ट्रिय संस्कृति निर्माणमा समेत योगदान पुऱ्याएको छ।व्यक्तिकेन्द्रित लाभ लिने, अर्कालाई होच्याएर आफूलाई ठूलो बनाउने, छिटो परिणाम खोज्ने, सानो धक्कामै विचलित हुने र प्रणालीगत सुधारमा धैर्य गुमाउने प्रवृत्ति हाम्रो सामाजिक र राजनीतिक वृत्तमा हाबी छ।

सुदूरपश्चिम रोयल्सको विजयसँगै नेपाली क्रिकेटको महापर्व नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणको समापन भएको छ। झन्डै एक महिना उत्सवमय बनेको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको खेल मैदानले अब केही दिनका लागि विश्राम पाएको छ। भन्छन्, क्रिकेट अनिश्चितताको खेल हो। एनपीएलका सन्दर्भमा पनि फाइनल खेल त्यस्तै भयो भन्दा फरक पर्दैन । पहिलो क्वालिफायरमा लुम्बिनीसँग पराजित भएर एलिमिनेटर खेल्दै फाइनलमा पुनः लुम्बिनीसँग नै भिड्न आइपुगेको सुदूरपश्चिमले सानदार विजय प्राप्त गऱ्यो।कीर्तिपुरको शनिबारको साँझ साँच्चै अद्भुत थियो र भावनात्मक पनि। सुदूरपश्चिमको विजय एनपीएलको पहिलो संस्करणदेखि नै बहुप्रतीक्षित थियो, जुन यसपटक मात्र सम्भव हुन सक्यो।सुदूरपश्चिमले विजय टूफी उचाल्यो र साविकको विजेता लुम्बिनी उपविजेतामा सीमित रहन पुग्यो। वास्तवमा को जित्यो र को हाऱ्यो त्यो प्राविधिक पक्ष मात्र होह विश्लेषण गर्ने हो भने समग्रमा नेपाली क्रिकेटले जितेको साँझ हो त्यो।साँच्चै सुदूरपश्चिम विजयको हकदार थियो, जित्यो। एनपीएलको पहिलो संस्करणदेखि नै लगातार फाइनलमा पुग्दै आएको सुदूरपश्चिमले तेस्रो संस्करणमा विजय हात पारेको छ, त्यो पनि ऐतिहासिक।लुम्बिनीले दिएको १५६ रनको लक्ष्य बिनाकुनै विकेटको क्षतिमा १४औँ ओभरमै पछ्याएर विजयी हुँदा सम्पूर्ण रङ्गशाला नै विजयको उल्लासमा डुब्न पुगेको अनुभूति गरिएको थियो। लुम्बिनी लायन्सलाई १० विकेटको विशाल र ऐतिहासिक अन्तरले पाखा लगाउँदै सुदूरपश्चिमले शनिबार साँझ उपाधि उचाल्दा नेपाली खेलकुदको क्षितिजमा एउटा नयाँ बिहानीको अनुभूति निकै महत्वपूर्ण थियो।

अघिल्ला दुई संस्करणमा फाइनलमा पुगेर पनि खाली हात फर्कनुको पीडा सँगाल्न बाध्य सुदूरपश्चिमका लागि यो सफलता टूफी प्राप्ति मात्र होइनह निरन्तरको साधना र आत्मविश्वासको परिणाम पनि हो। टस हारेर पहिले ब्याटिङ गर्दै लुम्बिनीले दिएको १५६ रनको चुनौतीपूर्ण लक्ष्य सुदूरपश्चिमले स्कटल्यान्डका ओपनर जर्ज मुन्सेको विस्फोटक शतक (अविजित १२५ रन) को सहयोगमा मात्र १३.३ ओभरमा कुनै क्षतिबिनै पूरा गरेको थियो।एनपीएल अब खेलको सामान्य विषयसम्म मात्र सीमित रहेन। यो आयोजना नेपाललाई विश्वमा चिनाउने माध्यमसमेत बन्न पुगेको छ। यति मात्र होइन, देशभित्र देश जोड्ने माध्यम बनेको यो आयोजना एक प्रकारले संयुक्त सांस्कृतिक उत्सव बन्न पुगेको छ भन्दा फरक पर्दैन। यो आयोजनाले नेपाली क्रिकेटको संरचनात्मक विकास र व्यावसायिकतामा एउटा नयाँ मानक पनि स्थापित गरेको छ। लामो समयसम्म घरेलु क्रिकेटमा नियमित, प्रतिस्पर्धात्मक र स्तरीय खेलहरूको खडेरी परिरहेका बेला एनपीएलले खेलाडीहरूलाई वर्षभरि व्यस्त र धारिलो राख्ने बलियो मञ्च प्रदान गरेको छ। स्वदेशी र विदेशी विश्वस्तरीय चर्चित खेलाडीहरूको युजनले नेपाली क्रिकेटको प्राविधिक स्तर, रणनीतिक गहिराइ र प्रतिस्पर्धात्मक धारलाई अझ तिखार्न तेस्रो संस्करणले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।फाइनल खेलको टिकट १५ मिनेटमै सोल्ड आउट हुनु र कीर्तिपुरको डाँडाकाँडा ढाक्ने गरी उर्लिएको जनसागरले नेपाली जनमानसमा क्रिकेटप्रतिको क्रेजलाई पुनः एकपटक प्रमाणित गरिदिएको छ।

नेपाली समाजलाई सन्देश

नेपाली समाज यतिबेला एक किसिमको अधैर्य र निराशाको मनोविज्ञानबाट गुज्रिरहेको छ भन्दा फरक पर्दैन। राजनीति हाबी भइरहेको नेपाली समाजको मनोविज्ञान केही फरक चाहन्छ र त्यो पनि उपलब्धिमूलक। यस्तोमा क्रिकेट एउटा माध्यम बनेको छ, जसले नेपाली समाजलाई मानसिक रूपमा सन्तुष्टि प्रदान गरेको छ र गरिरहेको छ।

यति मात्र होइन, खासगरी एनपीएलजस्ता आयोजनाले नेपाली समाजलाई एकताको सूत्रमा आबद्ध गर्न पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्। एनपीएलले नेपाली समाजमा विगत लामो समयदेखि व्याप्त भूगोल, समुदाय, भाषा र संस्कृतिको छेकबारलाई भत्काएर राष्ट्रिय संस्कृति निर्माणमा समेत योगदान पुऱ्याएको छ।व्यक्तिकेन्द्रित लाभ लिने, अर्कालाई होच्याएर आफूलाई ठूलो बनाउने, छिटो परिणाम खोज्ने, सानो धक्कामै विचलित हुने र प्रणालीगत सुधारमा धैर्य गुमाउने प्रवृत्ति हाम्रो सामाजिक र राजनीतिक वृत्तमा हाबी छ। यस्तो परिवेशमा एनपीएलको आयोजनाले नेपाली समाजलाई दिएको सबैभन्दा सशक्त सन्देश भनेको 'संगठित राष्ट्रियता' हो।यस्तै धैर्य, निरन्तरता र हार नमान्ने जिजीविषालाई पनि यस आयोजनाको महत्वपूर्ण सन्देश मान्न सकिन्छ। सुदूरपश्चिम रोयल्सको यात्रा यसको दृष्टान्त हो। पहिलो र दोस्रो संस्करणमा फाइनलमा पुगेर पराजित हुँदा पनि सुदूरपश्चिमले अरूले जस्तो न आृनो संरचना भत्कायो, न त लक्ष्यप्रतिको निष्ठा नै गुमायोह बरु आफूलाई निरन्तर सैर्षरत बनाइरह्यो।माथि पनि चर्चा गरियो, यो आयोजनाले संगठित राष्ट्रियता निर्माणका सन्दर्भमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। प्रतियोगितामा सहभागी आठवटा टोलीका समर्थकका रूपमा रङ्गशालामा दर्शक र समर्थक मात्र जोडिएनन्, बरु यो आयोजना राष्ट्र र राष्ट्रियता जोड्ने महत्वपूर्ण सेतु पनि बन्न पुग्यो। समग्रमा राष्ट्र निर्माणको प्रक्रियामा यस आयोजनाले निर्वाह गरेको भूमिका महत्वपूर्ण छ। राष्ट्र निर्माण केवल भौतिक पूर्वाधार, सडक वा नीतिगत दस्ताबेजबाट मात्र पूर्ण हुँदैन: नागरिकबीचको भावनात्मक सम्बन्ध, साझा गौरव र सामूहिक पहिचानले राष्ट्रलाई जीवन्त बनाउने कुरामा शंका छैन। फ्रेन्चाइज टोलीहरूको सहभागिताका माध्यमबाट एनपीएलले प्रादेशिक विविधता र राष्ट्रिय एकताबीच सन्तुलन कायम गर्ने सुन्दर अवसर निर्माण गरेको मान्न सकिन्छ।एनपीएलको यो सफल निरन्तरताले आगामी दिनमा नेपाली खेलकुद र समाजमा दूरगामी प्रभाव पार्ने निश्चित छ। उच्च स्तरको घरेलु प्रतिस्पर्धाबाट खारिएका खेलाडीहरूले अन्तर्राष्ट्रिय मञ्चमा अझ आत्मविश्वासका साथ प्रदर्शन गर्ने वातावरण निर्माणमा यो आयोजनाले सघाएको छ।यस्तै यो आयोजनापछि प्रदेश र स्थानीय तहका सरकारहरूलाई रङ्गशाला, तालिम केन्द्र तथा आधुनिक खेल पूर्वाधारमा लगानी गर्न नैतिक दबाब र प्रोत्साहन मिलेको हुन सक्ने अनुमान गर्न सकिन्छ। जुन प्रकारले दर्शक त्रिभुवन विश्वविद्यालयको रङ्शालामा ओइरिए, त्यसबाट आमनेपालीको रुचिबारे सम्बन्धित निकायले अध्ययन गर्न सक्ने अवसर यस आयोजनाले दिएको छ। यति मात्र होइन, यस्ता आयोजना पर्यटन प्रवर्द्धनका लागि पनि महत्वपूर्ण माध्यम बन्न सक्ने सम्भावनाको विस्तार भएको छ। विभिन्न टोलीमा सहभागी विदेशी खेलाडीले जब नेपाल घुमे र आफ्ना भ्रमण अनुभूति सामाजिक सञ्जालका माध्यमबाट सार्वजनिक गरे, त्यो क्षण नेपालका लागि विश्वव्यापी परिचयको क्षण बन्न पुगेको कुरामा विमति हुन सक्दैन। अतः भविष्यमा यस्ता थप आयोजनाका माध्यमबाट विदेशी खेलाडीलाई नेपालमा आमन्त्रण गरेर नेपाललाई विश्वमा थप चिनाउन सकिन्छ।यस सन्दर्भमा पनि प्रदेश र स्थानीय सरकारहरूले आवश्यक रणनीति तय गर्नु जरुरी छ। आज 'ग्लोबल' विश्वको जमाना हो। स्थानीय परिचय र परिवेशलाई विश्वव्यापी बनाउन यस्ता आयोजना निकै सहयोगी हुने कुरामा विमति हुन सक्दैन।हामीले उपलब्धिका कुरा गरिरहँदा यससँग सम्बन्धित चुनौतीका विषयलाई पनि इन्कार गर्न सकिँदैन। भौतिक पूर्वाधारको सीमितता अझै पनि टाउको दुखाइको विषय बनेको छ। कीर्तिपुरको एउटै मैदानमा निर्भर रहनुपर्ने बाध्यता हाम्रासामु छ। यसैसँग सम्बन्धित छ दर्शक, पार्किङ र सुरक्षा व्यवस्थापन।यस विषयमा सम्बन्धित निकाय संवेदनशील बन्नु जरुरी छ। कीर्तिपुरकै रङ्गशालामाथि कहिलेसम्म भर परिरहने ? कम्तीमा यसपटकको आयोजनाले वैकल्पिक अन्तर्राष्ट्रिय स्तरका रङ्गशालाको आवश्यकता र त्यसको उपलब्धताको सन्दर्भलाई थप बल पुऱ्याएको छ। आगामी दिनमा सम्बन्धित पक्ष यी विषयमा थप संवेदनशील बनेर नेपाली खेलकुदलाई थप उचाइमा पुऱ्याउन क्रियाशील हुनु अपेक्षित छ। जय क्रिकेट, जय नेपाल ।

-अनलाइन खबर डटकम

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस वेबदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : काममा राम्रो प्रगति देखिनेछ। शरीरको आरामलाई प्राथमिकता दिनुहोस्।

वृष : व्यापारमा ग्राहकको चाप बढ्न सक्छ। आवश्यकभन्दा बढी खर्च नगर्नुहोला।

मिथुन : महत्वपूर्ण जिम्मेवारी हातमा आउनेछ। अल्झिएको विषय सजिलै मिल्नेछ।

कर्कट : आर्थिक अवस्था स्पष्ट हुनेछ। पानी पर्याप्त पिउनेतर्फ ध्यान दिनुहोस्।

सिंह : जिम्मेवारी पूरा गर्ने उत्साह पनि बढ्नेछ। व्यवसायमा सम्पर्क हुन सक्छ।

कन्या : काम समयमै पूरा हुँदा बोझ घट्नेछ। खानामा धेरै तेल प्रयोग नगर्नु राम्रो हुन्छ।

तुला: काममा वातावरण सहज रहनेछ। घरमा सामान खरिद गर्ने योजना बन्न सक्छ।

वृश्चिक : कामका लागि समय मिल्नेछ। मसलेदार कम गर्दा पेटलाई आराम हुनेछ।

धनु : नयाँ चिनजान भविष्यमा उपयोगी हुनेछ। रमाइलो समय बिताउने मौका मिल्नेछ।

मकर : काम पूरा गर्ने समय मिल्नेछ। तपाईको जिम्मेवारीलाई विश्वास गरिनेछ।

कुम्भ: आर्थिक दबाब कम हुनेछ। परिवारमा सानो खुसीको वातावरण बन्नेछ।

मीन : आत्मीयता बढ्नेछ। हल्का भोजन गरेर समयमै आराम गर्नु राम्रो हुन्छ।

विज्ञान/सूचना प्रविधि

कहिले फुट्ला एआई बबल ?

बनमोल त्रिपाठी

अक्टोबर २९ मा गुगलको मूल कम्पनी अल्फाबेटको सेयर मूल्यमा आएको तीव्र गिरावटका कारण एकै दिनमा करिब ४७५ अर्ब अमेरिकी डलरबराबरको बजार पुँजीकरण घटेको रिपोर्ट सार्वजनिक भयो। नोभेम्बर ५ मा चिप उत्पादक कम्पनी एनभिडियाको सेयर मूल्य ९.३ प्रतिशत घट्दा कम्पनीले एकै दिनमा ४४७ अर्ब डलरबराबरको बजार मूल्य गुमायो। त्यही दिन अमेरिकी प्रविधि कम्पनीहरूको सेयरमा व्यापक बिक्री हुँदा नास्डाक कम्पोजिट सूचक ५.५ प्रतिशत र नास्डाक-१०० सूचक ६.३ प्रतिशतले घटे।



सेयर मूल्यमा आएको गिरावटले लगानीकर्तामाझ एउटा पुरानै प्रश्न ब्युँझिएको छ : के कृत्रिम बुद्धिमत्ता (एआई) क्षेत्रमा भइरहेको लगानी अर्को ठूलो वित्तीय बबलको संकेत हो ?सन् २००० को डट-कम बबल फुट्दा इन्टरनेट प्रविधिको भविष्यप्रति लगानीकर्ताको ठूलो उत्साह थियो। इन्टरनेटमा आधारित कम्पनीको सेयर मूल्य वास्तविक आम्दानी र व्यावसायिक क्षमताभन्दा धेरै माथि पुगेको थियो। तर अपेक्षाअनुसार आम्दानी र नाफा हुन नसकेपछि ती कम्पनीको मूल्य तीव्र रूपमा घट्यो। धेरै कम्पनी बन्द भए, लगानीकर्ताले ठूलो नोक्सानी बेहोरे र नास्डाक सूचक ७७.९ प्रतिशतसम्म खस्कियो। आज एआई प्रविधिमा पनि यस्तै अवस्था सिर्जना भइरहेको छ कि छैन भन्ने बहस सुरु भएको छ। विश्वका ठूला प्रविधि कम्पनीले डेटा सेन्टर, चिप, विद्युत् आपूर्ति र कम्प्युटिङ पूर्वाधारमा **खर्बौं** डलर खर्च गर्ने योजना बनाएका छन्। तर यति ठूलो लगानीबाट कति आम्दानी हुन्छ, लगानीको प्रतिफल कहिले आउँछ र अहिले निर्माण भइरहेका पूर्वाधारको दीर्घकालीन उपयोग कति हुन्छ भन्ने प्रश्नको उत्तर अझै स्पष्ट छैन।यो बहस बुझ्न सबैभन्दा पहिले डट-कम बबलको इतिहास र अहिलेको एआई लगानीको संरचना बुझ्न आवश्यक छ।

डट-कम बबल : इन्टरनेटको सपना र लगानीकर्ताको निराशा

सन् १९९० को दशकमा विश्वभर कम्प्युटर र इन्टरनेटको प्रयोग तीव्र गतिमा विस्तार भइरहेको थियो। इन्टरनेटले व्यापार, सञ्चार, सूचना आदानप्रदान र दैनिक जीवनमा ठूलो परिवर्तन ल्याउने अपेक्षा गरिएको थियो। सरकार, व्यापारी, प्रविधि कम्पनी, लगानीकर्ता र सामान्य मानिस सबैका लागि इन्टरनेट भविष्यको प्रविधि बनेको थियो।सन् १९९९ सम्म आइपुग्दा इन्टरनेटमा आधारित कम्पनीहरू सेयर बजारमा आकर्षणको केन्द्र बनिसकेका थिए। कुनै कम्पनीले आफ्नो नाम वा व्यवसायमा इन्टरनेट जोड्नासाथ लगानी जुटाउन सहज हुने अवस्था बनेको थियो। कम्पनीले तत्काल नाफा कमाएको छ कि छैन भन्नेभन्दा भविष्यमा कति ठूलो बजार ओगट्न सक्छ भन्ने अनुमानका आधारमा मूल्याङ्कन हुन थालेको थियो। युनिभर्सिटी अफ फ्लोरिडाका प्राध्यापक जे रिटर र टिम लफरनको अनुसन्धानअनुसार सन् १९९९ र २००० मा सार्वजनिक निष्कासन (आईपीओ) गरेका कम्पनीको पहिलो दिनको औसत प्रतिफल ६४.६ प्रतिशत थियो। सन् १९९० देखि १९९८ सम्म यस्तो प्रतिफल औसत १४.८ प्रतिशत मात्रै थियो। यसले त्यतिबेला नयाँ कम्पनीका सेयरप्रति लगानीकर्ताको असाधारण आकर्षण देखाउँछ।डट-कम बबलका चर्चित उदाहरणमध्ये ग्लोबल क्रसिङ एउटा हो। इन्टरनेटको भविष्यमा ठूलो सम्भावना देखेको यस कम्पनीले विश्वका विभिन्न महादेशलाई जोड्ने फाइबर अप्टिक्स केबल नेटवर्क निर्माण गरेको थियो। एसिया, युरोप, उत्तर अमेरिका र ल्याटिन अमेरिकाबीच उच्च गतिमा डेटा प्रवाह गर्न सक्ने पूर्वाधार बनाउने यसको योजना थियो।

तर कम्पनीले अनुमान गरेजति ग्राहक र आम्दानी जुटाउन सकेन। दूरसञ्चार क्षेत्रमा प्रतिस्पर्धा बढ्दै जाँदा सेवाको मूल्य घट्यो। कम्पनीले पूर्वाधार निर्माणका लागि ठूलो ऋण लिएको थियो, तर त्यसअनुसार आम्दानी हुन सकेन। सन् २००२ जनवरीमा १२ अर्ब डलरभन्दा बढी ऋणको भारसहित ग्लोबल क्रसिङले अमेरिकाको अदालतमा ऋण पुनर्संरचनाका लागि च्याप्टर ११ प्रक्रिया सुरु गऱ्यो। कम्पनीले निर्माण गरेको नेटवर्कका केही भाग तत्काल पर्याप्त रूपमा प्रयोगमा आएका थिएनन्। त्यसैले ती केबललाई 'डार्क फाइबर' भनियो। तर यसको अर्थ ती सबै पूर्वाधार सधैँका लागि बेकार भए भन्ने होइन। समयसँगै इन्टरनेटको माग बढ्दा त्यसमध्येका धेरै पूर्वाधार प्रयोगमा आए। ग्लोबल क्रसिङको सञ्जाल पनि पुनर्संरचनापछि अर्को कम्पनीको स्वामित्वमा गयो।नेटस्केप पनि डट-कम युगको चर्चित कम्पनी थियो। यसले अगस्ट १९९५ मा प्रतिकिता २८ अमेरिकी डलरमा आईपीओ जारी गरेको थियो। पहिलो दिन कारोबार हुँदा सेयर मूल्य ७५ डलरसम्म पुगेको थियो र अन्त्यमा ५८.२५ डलरमा बन्द भएको थियो। तर नेटस्केप डट-कम बबल फुटेर बन्द भएको कम्पनी भने होइन। सन् १९९८ मा एओएलले यसलाई करिब ४.२ अर्ब डलरमा अधिग्रहण गरेको थियो।डट-कम बबल फुट्न थालेपछि लगानीकर्ताले नाफा कमाउन सक्ने आधार नभएका कम्पनीबाट पैसा झिक्न थाले। आम्दानी र व्यावसायिक मोडल प्रमाणित गर्न नसकेका कम्पनी धराशायी भए। त्यसको असर इन्टरनेटमा आधारित ठूला कम्पनीसम्म पुग्यो।नास्डाक कम्पोजिट सूचकाङ्क १० मार्च २००० मा ५ हजार ४८.६२ बिन्दुमा पुगेको थियो। त्यसपछि निरन्तर घट्दै ९ अक्टोबर २००२ मा १ हजार ११४.११ बिन्दुमा झऱ्यो। उच्च बिन्दुबाट तल्लो बिन्दुसम्म यसको गिरावट ७७.९ प्रतिशत थियो। त्यसपछिका वर्षमा इन्टरनेट प्रविधिको प्रयोग र व्यापार झन् विस्तार भयो, तर त्यो अवधिका धेरै कम्पनीले भने अस्तित्व जोगाउन सकेनन्।यसको पाठ, प्रविधि असफल भएको होइन। प्रविधिको भविष्यप्रति वास्तविक सम्भावना हुँदाहुँदै पनि त्यसको नाममा गरिएको अत्यधिक लगानी, अवास्तविक मूल्याङ्कन र आम्दानीको कमजोर आधारले वित्तीय सफ्ट सिर्जना गर्न सक्छ भन्ने हो।

एआई बबल : लगानी र प्रतिफलबीचको असन्तुलन

अहिले एआई क्षेत्रमा पनि भविष्यको विशाल सम्भावनालाई आधार बनाएर लगानी भइरहेको छ। ओपनएआई, गुगल, एन्थ्रोपिक, माइक्रोसुट, मेटा, अमेजन, एनभिडिया र ओराकलजस्ता कम्पनीले एआई मोडल, चिप, डेटा सेन्टर र क्लाउड पूर्वाधारमा ठूलो रकम खर्च गरिरहेका छन्।यसको मुख्य कारण एआईको बढ्दो माग र प्रतिस्पर्धा हो। कम्पनीहरू सकेसम्म शक्तिशाली एआई प्रणाली विकास गर्न, आफ्ना प्रतिस्पर्धीभन्दा अगाडि पुरन र भविष्यको बजारमा आफ्नो स्थान सुरक्षित गर्न चाहन्छन्। कतिपय कम्पनीको दीर्घकालीन लक्ष्य सामान्य कृत्रिम बुद्धिमत्तादेखि मानव क्षमताभन्दा माथि पुग्ने सुपर इन्टेलिजेन्ससम्म विकास गर्नु हो। तर सबै एआई कम्पनीको एउटै लक्ष्य वा व्यावसायिक रणनीति छैन। केही कम्पनी कार्यालयको काम स्वचालित बनाउने, केही सुटवेयर निर्माण, केही अनुसन्धान र केही उपभोक्तालाई सेवा बेच्ने क्षेत्रमा केन्द्रित छन्।एआई विकासको यो प्रतिस्पर्धामा कम्प्युटिङ क्षमता निर्णायक बनेको छ। शक्तिशाली एआई मोडल तालिम दिन र ठूलो संख्यामा प्रयोगकर्तालाई सेवा दिन हजारौँ चिप, विशाल डेटा सेन्टर, पर्याप्त विद्युत् र उच्च क्षमताको नेटवर्क आवश्यक पर्छ।यही कारण एआई कम्पनीको लगानी अब सफ्टवेयरमा मात्रै सीमित छैन। उनीहरू विद्युत् उत्पादन, चिप निर्माण, शीतलीकरण प्रणाली, डेटा सेन्टरका भवन र उच्च क्षमताका नेटवर्कसम्म लगानी गरिरहेका छन्।जेपी मोर्गन ग्लोबल रिसर्चको अक्टोबर १९, २०२६ को अनुमानअनुसार एआई पूर्वाधारमा विश्वव्यापी पुँजीगत खर्च सन् २०२६ मा करिब ९०० अर्ब अमेरिकी डलर पुग्न सक्छ। सन् २०३० सम्म यस्तो खर्च ५.५ ट्रिलियन डलर पुग्ने अनुमान गरिएको छ। यो भविष्यको प्रक्षेपण हो, भइसकेको वास्तविक खर्च होइन।यति ठूलो खर्च भइरहँदा कम्पनीहरूमाथि आफ्नो लगानीको प्रतिफल देखाउने दबाब पनि बढेको छ। एआई सेवा प्रयोग गर्ने ग्राहक बढे पनि त्यसबाट आउने आम्दानीले चिप, डेटा सेन्टर, विद्युत्, कर्मचारी र ऋणको खर्च धान्न सक्छ कि सक्दैन भन्ने प्रश्न उठिरहेको छ।

तीन ठूला चुनौती

१. बमूल्यपूर्व डेटा सेन्टर खर्च

२. आम्दानी र सस्तो सवस्यता मोडलको दबाब

३. सुपर इन्टेलिजेन्सको अनिश्चितता

चक्रीय लगानीको खेल : एउटै बजारमा एकबर्काका लगानीकर्ता र ग्राहक

एआई बबलको बहसमा सबैभन्दा बढी उठ्ने विषय कम्पनीहरूबीचको चक्रीय लगानी हो। यसको अर्थ एउटा कम्पनीले अर्को कम्पनीमा लगानी गर्छ, त्यही कम्पनीले लगानीकर्ताकै उत्पादन वा सेवा किन्छ र त्यसबाट पहिलो कम्पनीको आम्दानी तथा बजार मूल्य बढ्ने अवस्था सिर्जना हुन्छ।यसले एआई क्षेत्रमा वास्तविक माग कति छ र लगानी तथा आपसी सम्झौताले कति माग सिर्जना गरेको हो भन्ने प्रश्न उठाएको छ।

एनभिडिया र ओपनएआई

सन् २०२५ सेप्टेम्बर २२ मा एनभिडिया र ओपनएआईले कम्तीमा १० गिगावाट क्षमताको एआई पूर्वाधार विकास गर्ने रणनीतिक साझेदारीको आशयपत्र सार्वजनिक गरेका थिए। त्यसका लागि एनभिडियाले पूर्वाधार निर्माणको प्रत्येक चरणसँगै क्रमश: १०० अर्ब डलरसम्म ओपनएआईमा लगानी गर्ने आशय व्यक्त गरेको थियो।यसलाई एनभिडियाले तत्कालै ओपनएआईमा १०० अर्ब डलर लगानी गरिसकेको अर्थमा बुझ्न मिल्दैन। यो पूर्वाधार निर्माणसँगै चरणबद्ध रूपमा अघि बढ्ने प्रस्ताव थियो।...

एनसेलले थ्रीजी एक महिनाभित्रै पूर्णरूपमा बन्द गर्दै

काठमाडौं, एनसेलले पुरानो प्रविधिलाई विस्थापित गर्दै आधुनिक तथा उन्नत प्रविधिको प्रयोग विस्तार गर्ने उद्देश्यसहित थ्रीजी सेवा पूर्ण रूपमा बन्द गर्ने प्रक्रियालाई अन्तिम चरणमा पुर्याएको जनाएको छ । कम्पनीले अब बाँकी रहेका ६८ प्रतिशत थ्रीजी साइटहरू पनि एक महिनाभित्रै बन्द गर्ने योजनाको कार्यान्वयन शुरू गरेको छ ।

एनसेलका कुल ३,१२९ वटा थ्रीजी साइटमध्ये हालसम्म ९९२ वटा साइट बन्द भइसकेको कम्पनीले जनाएको छ । अब कम्पनीले बाँकी रहेका २,१३७ वटा साइटहरुमासमेत थ्रीजी सेवा बन्द गर्नेछ ।थ्रीजी सेवा चरणबद्ध रूपमा बन्द गर्ने रणनीतिअनुरूप एनसेलले यसलाई चार चरणमा कार्यान्वयन गर्दैछ। पहिलो चरणमा मंसिर ७ गते लुम्बिनी र गण्डकी प्रदेशका थ्रीजी साइटहरू बन्द गरिनेछन्। दोस्रो चरणमा मंसिर १४ गते काठमाडौं, ललितपुर र भक्तपुरका साइटहरू बन्द गरिनेछन्। त्यसैगरी, तेस्रो चरणमा मंसिर २१ गते मधेश र गण्डकी प्रदेशका बाँकी विभिन्न स्थानका सबै चितवनमा थ्रीजी सेवा बन्द गरिनेछ। चौथो तथा अन्तिम चरणमा मंसिर २६ गते मधेश र कोशी प्रदेशका विभिन्न स्थानमा बाँकी रहेका सबै थ्रीजी साइटहरू बन्द गरिनेछन् ।

२०७४ मा सुरु भएको एनसेलको थ्रीजी सेवा यही पुस २ गतेदेखि पूर्ण रूपमा बन्द हुनेछ । यससँगै ग्राहकले फोरजीमा आधारित भ्वाइस ओभर लङ टर्म इभोलुसन (भोल्टे) प्रविधिमार्फत अझ स्पष्ट तथा उच्च गुणस्तरको भ्वाइस कल र छिटो कल कनेक्सनको अनुभव गर्न सक्नेछन् ।

-काठ्मा कुरा डटकम

...त्यसपछि सन् २०२६ फेब्रुअरी २७ मा ओपनएआईले थप ११० अर्ब डलर लगानी प्राप्त गर्ने घोषणा गऱ्यो। त्यसमा एनभिडियाबाट ३० अर्ब, सफ्टब्याबाट ३० अर्ब र अमेजनबाट ५० अर्ब डलर समावेश थिए। उक्त लगानी घोषणासँगै ओपनएआईको मूल्याङ्कन लगानीअघिको अवस्थामा ७३० अर्ब डलर पुगेको कम्पनीले जनाएको थियो। यसको अर्थ एनभिडिया ओपनएआईको प्रमुख चिप आपूर्तिकर्ता मात्र होइन, उसको लगानीकर्तासमेत हो। ओपनएआईले एनभिडियाका चिप प्रयोग गरेर आफ्नो एआई पूर्वाधार विस्तार गर्छ भने एनभिडियाले त्यसको विस्तारमा लगानी गर्ने योजना बनाएको छ।

माइक्रोसफ्ट, एनभिडिया र एन्थ्रोपिक सन् २०२५ नोभेम्बर १८ मा माइक्रोसफ्ट, एनभिडिया र एन्थ्रोपिकले रणनीतिक साझेदारी घोषणा गरेका थिए। एन्थ्रोपिकले माइक्रोसफ्टको क्लाउड सेवा एज्योरबाट ३० अर्ब डलरबराबरको कम्प्युटिङ क्षमता खरिद गर्ने प्रतिबद्धता जनाएको थियो। त्यस्तै, थप एक गिगावाटसम्मको कम्प्युटिङ क्षमता सम्झौता गर्ने योजना थियो।यसै साझेदारीअन्तर्गत एनभिडियाले एन्थ्रोपिकमा १० अर्ब डलर र माइक्रोसफ्टले ५ अर्ब डलरसम्म लगानी गर्ने प्रतिबद्धता जनाएका थिए। एन्थ्रोपिकले एनभिडियाका ग्रेस ब्ल्याकवेल र भेरा रुबिन प्रणाली प्रयोग गर्ने योजना पनि सार्वजनिक गरेको थियो।यो संरचनामा एनभिडिया र माइक्रोसफ्ट दुवै एन्थ्रोपिकका लगानीकर्ता हुन्। एन्थ्रोपिक भने माइक्रोसफ्टको क्लाउड ग्राहक हो। उसको कम्प्युटिङ सेवामा एनभिडियाका चिप प्रयोग हुनेछन्।

ओपनएआई र ओराकल : ३०० अर्ब डलरको सम्झौता

सन् २०२५ सेप्टेम्बरमा ओपनएआई र ओराकलबीच करिब ५ वर्षमा ३०० अर्ब डलरबराबरको क्लाउड कम्प्युटिङ सेवा खरिद गर्ने सम्झौता भएको विवरण वाल स्ट्रिट जर्नलले सार्वजनिक गरेको थियो। ब्लुमबर्गले पनि उक्त समाचारलाई उद्धृत गरेको थियो। सम्झौताअनुसार ओराकलले ओपनएआईलाई आवश्यक कम्प्युटिङ क्षमता उपलब्ध गराउनेछ। त्यसका लागि करिब ४.५ गिगावाट विद्युत् क्षमता आवश्यक पर्ने बताइएको थियो। यी उदाहरणले एआई कम्पनी, चिप उत्पादक र क्लाउड सेवा प्रदायकबीच लगानी र खरिदको घनिष्ठ सम्बन्ध देखाउँदछन्। एउटै कम्पनी एकातिर लगानीकर्ता छ भने अर्कोतिर आपूर्तिकर्ता वा ग्राहक पनि हुन सक्छ।तर यसलाई सबै कारोबारमा एउटै पैसा घुमाइएको वा कृत्रिम रूपमा आम्दानी बढाइएको प्रमाणका रूपमा लिन मिल्दैन। लगानी, सेवा खरिद र भविष्यको क्षमता प्रयोग गर्ने सम्झौता फरक वित्तीय तथा व्यावसायिक कारोबार हुन्। तिनको वास्तविक जोखिम बुझ्न सम्झौताको अवधि, भुक्तानीको सर्त, प्राप्त आम्दानी र कम्पनीको नगद प्रवाह छुट्टाछुट्टै हेर्नुपर्छ।चक्रीय लगानीको मुख्य जोखिम भनेको आपसमा निर्भर कम्पनीमध्ये एउटाले अपेक्षित आम्दानी गर्न नसके त्यसको असर अर्को कम्पनीसम्म पुग्न सक्नु हो। उदाहरणका लागि, एआई कम्पनीले भविष्यमा ठूलो आम्दानी हुने अनुमानका आधारमा क्लाउड सेवा खरिद गर्ने प्रतिबद्धता जनाएको छ। तर उसले पर्याप्त ग्राहक र आम्दानी जुटाउन सकेन भने सेवा खरिदको भुक्तानीमा समस्या आउन सक्छ। त्यसको असर क्लाउड प्रदायक, चिप आपूर्तिकर्ता र ती कम्पनीमा लगानी गर्ने संस्थासम्म पुग्न सक्छ।चिपको कथा फाइबर अप्टिक्सजस्तो हुँदैन ?डट-कम बबलका बेला ग्लोबल क्रसिङले ठूलो मात्रामा फाइबर अप्टिक्स केबल बिछ्याएको थियो। तत्काल माग नहुँदा त्यसको केही क्षमता प्रयोगविहीन रह्यो। तर इन्टरनेटको प्रयोग बढ्दै जाँदा त्यही पूर्वाधारको आवश्यकता पनि बढ्यो।एआई क्षेत्रमा अहिले निर्माण भइरहेका चिप र डेटा सेन्टरको भविष्य पनि यही उदाहरणसँग जोडेर हेरिन्छ। तर दुवैको प्रकृति एउटै छैन।फाइबर अप्टिक्स केबलको आयु लामो हुन्छ। त्यसमा आवश्यक उपकरण र प्रविधि परिवर्तन गरेर पुरानो पूर्वाधारलाई लामो समयसम्म उपयोग गर्न सकिन्छ। चिप भने प्रविधिको पुस्ता परिवर्तनसँगै तुलनात्मक रूपमा छिटो पुरानो हुन सक्छ। नयाँ चिपले कम विद्युत् खपतमा बढी कम्प्युटिङ क्षमता दिन सक्छ। त्यसैले पुराना चिप सञ्चालन खर्च र कार्यक्षमताका आधारमा प्रतिस्पर्धी नहुन सक्छन्।तर नयाँ चिप आएपछि पुराना चिप पूर्ण रूपमा बेकार हुन्छन् भन्ने पनि होइन। अत्यधिक क्षमता आवश्यक नपर्ने एआई काम, सामान्य अनुमान उत्पादन (इन्फरेन्स), डेटा प्रशोधन वा अन्य कम्प्युटिङ कार्यमा पुराना चिप प्रयोग गर्न सकिन्छ। त्यसैले चिपको मूल्य, उपयोगी आयु र पुनः प्रयोगको सम्भावना पनि लगानीको मूल्याङ्कन गर्दा हेर्नुपर्ने विषय हो।डेटा सेन्टरको हकमा पनि भवन मात्र पर्याप्त हुँदैन। त्यसलाई विद्युत्, पानी, नेटवर्क, शीतलीकरण र उपयुक्त चिप उपलब्ध हुनुपर्छ। कतिपय आयोजना समयमै विद्युत् आपूर्ति नपाउँदा ढिलो हुन सक्छन्। यसले निर्माणमा गरिएको लगानीबाट आम्दानी सुरु हुने समय पछाडि धकेल्न सक्छ।

एआई बबल फुट्दै छ कि बजारले जोखिमको मूल्याङ्कन गर्दै छ ?

नोभेम्बर ५ को बजार गिरावटलाई एआई बबल फुट्ने संकेतका रूपमा मान्न सकिन्न । त्यो दिन अमेरिकी मध्यावधि निर्वाचनमा डेमोक्र्याटको जितपछि डेटा सेन्टर निर्माणमा थप नियमन आउन सक्ने, पूर्वाधार विस्तार ढिलो हुन सक्ने र उच्च ब्याजदरले साना एआई कम्पनीलाई ऋण जुटाउन कठिन हुन सक्ने चिन्तासमेत पनि प्रविधि कम्पनीका सेयरमा दबाब पारेको थियो।तर त्यसको केही दिनपछि वालस्ट्रिटका मोर्गन स्ट्यानली, युबीएस र एचएसबीसीजस्ता वित्तीय संस्थाले उक्त गिरावटलाई अतिप्रतिक्रिया भएको बताएका छन्। उनीहरूको विश्लेषणमा डेटा सेन्टर निर्माणका केही आयोजना सन् २०२८ बाट २०२९ सम्म धकेलिन सक्ने भए पनि एआई पूर्वाधारमा लगानीको दीर्घकालीन प्रवृत्ति रोकिने सम्भावना कम छ।यसले बजारमा दुई प्रकारको धारणा रहेको देखाउँछ। एउटा पक्षका अनुसार अहिले एआई क्षेत्रमा भइरहेको खर्च भविष्यको आम्दानीको तुलनामा धेरै ठूलो छ।

बबको जोखिम कहाँ छ ?

एआई कम्पनीहरूको सबैभन्दा ठूलो चुनौती अब शक्तिशाली मोडल बनाउनु मात्र होइन, त्यसलाई नाफामुखी व्यवसायमा रूपान्तरण गर्नु हो। प्रयोगकर्ता बढ्नु, एआईको प्रयोग संस्थागत हुनु र कम्पनीको मूल्याङ्कन बढ्नु सकारात्मक संकेत हुन्। तर तिनले कम्पनीको वास्तविक नाफा, नगद प्रवाह र ऋण तिर्ने क्षमता स्वत: प्रमाणित गर्दैनन्।कम्पनीहरूले भविष्यको मागका आधारमा डेटा सेन्टर निर्माण गरिरहेका छन्। तर माग अनुमानभन्दा कम भयो, चिपको मूल्य घट्यो, नयाँ प्रविधि अपेक्षाभन्दा छिटो आयो वा ग्राहकले खरिद सम्झौता पूरा गर्न सकेनन् भने लगानीको प्रतिफल कमजोर हुन सक्छ।त्यसैले लगानीकर्ताले अब कम्पनीको सेयर मूल्य मात्र होइन, सञ्चालनबाट आएको आम्दानी, नगद प्रवाह, ऋणको भार, डेटा सेन्टरको उपयोग दर, विद्युत् लागत र दीर्घकालीन ग्राहक सम्झौताको गुणस्तर पनि हेर्न थालेका छन्।डट-कम बबल फुट्दा इन्टरनेटको विकास रोकिएन। तर इन्टरनेटको भविष्य देखेर लगानी गरेका सबै कम्पनी सफल भएनन्। आज एआईमा पनि त्यस्तै हुन सक्छ। एआई प्रविधि भविष्यमा अझ प्रभावशाली र उपयोगी बन्न सक्छ, तर अहिले यस क्षेत्रमा लगानी गरिरहेका सबै कम्पनी सफल हुन्छन् भन्ने छैन।एआई बबल कहिले फुट्छ भन्ने निश्चित मिति कसैले भन्न सक्दैन। अझ अहिलेको बजारलाई पूर्ण रूपमा बबल नै हो भन्न पनि पर्याप्त आधार छैन। तर खर्बौं डलरको लगानी, कम्पनीहरूबीचको बढ्दो वित्तीय अन्तरनिर्भरता, ऋणमा आधारित पूर्वाधार विस्तार र भविष्यको आम्दानीमाथिको अत्यधिक अपेक्षाले जोखिम भने बढाएको छ।एआईको दौडमा अब प्रश्न कसले सबैभन्दा शक्तिशाली मोडल बनाउँछ भन्ने मात्रै छैन, कसले आफ्नो लगानीलाई दिगो आम्दानी र नाफामा रूपान्तरण गर्न सक्छ भन्ने पनि हो। ***(त्रिपाठी एवाईका विद्यार्थी हुन् ।)***

- बनलाईन खबर डटकम

एशियन होटलसहित तीन करदाता सम्मानित



भैरहवा, मंसिर ७/आर्थिक वर्ष २०८२/०८३ मा आन्तरिक राजस्व कार्यालय भैरहवाअन्तर्गत सबैभन्दा बढी आयकर दाखिला गर्ने एशियन होटल लिमिटेड (एशियन बुद्ध होटल) सहित तीन व्यावसायिक प्रतिष्ठान सम्मानित भएका छन् ।

राष्ट्रिय कर दिवस-२०८३ तथा कर सप्ताह समापनका अवसरमा सोमबार आयोजित कार्यक्रममा एशियन होटलसहित अम्बे इन्टरनेशनल र एसआर आयल सप्लायर्सलाई सम्मानपत्रसहित सम्मान गरिएको हो । सबैभन्दा बढी आयकर दाखिला गर्नेमा एशियन होटल पहिलो, अम्बे इन्टरनेशनल दोस्रो र एसआर आयल सप्लायर्स तेस्रो भएका छन् । कार्यक्रममा रुपन्देहीका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले सम्मानित प्रतिष्ठानका सञ्चालकलाई बधाई दिँदै कर तिर्नु कानुनी दायित्वसँगै राष्ट्र निर्माणमा योगदान गर्ने जिम्मेवारी भएको बताए । आन्तरिक राजस्व कार्यालय भैरहवाका प्रमुख कर अधिकृत डोलिन्द्रप्रसाद शर्माका अनुसार आर्थिक वर्ष २०८२/०८३ मा कार्यालयलाई १६ अर्ब ९२ करोड रुपैयाँ राजस्व संकलनको लक्ष्य दिइएकोमा १९ अर्ब १९ करोड रुपैयाँ संकलन भएको छ । यो लक्ष्यभन्दा १३ प्रतिशत बढी हो । चालु आर्थिक वर्षका लागि कार्यालयले करिब २५ अर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य पाएको उनले जानकारी दिए । कार्यक्रममा सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष नेत्रप्रसाद आचार्य, नेपाल अडिटर्स एसोसिएसन रुपन्देहीका अध्यक्ष रामप्रसाद पौडेललगायतले कर प्रशासन र निजी क्षेत्रबीचको सहकार्यले राजस्व संकलनमा थप प्रभावकारिता ल्याउने धारणा राखेका थिए । सम्मानित प्रतिष्ठानका तर्फबाट एशियन होटलका सञ्चालक तिलकराम घिमिरेले करको पूर्ण पालना गर्दै मुलुकको आर्थिक तथा सामाजिक विकासमा निरन्तर योगदान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

खेलकुद समाचार

प्रिमियर लिगमा लिभरपुलसँग म्यानचेस्टर पराजित



काठमाडौं, मंसिर ७/इङ्लिस प्रिमियर लिग फुटबलमा लिभरपुलले म्यानचेस्टर युनाइटेडलाई ४-० गोलले पराजित गरेको छ । नयाँ प्रशिक्षक माउरिसियो पोचेटिनोको नेतृत्वमा पहिलो खेल खेलेको युनाइटेडले गएराति लिभरपुलको घरेलु मैदान एनफिल्डमा लज्जास्पद हार बेहोरेको हो ।

लिभरपुलका डोमिनिक सोबोस्लाईले फ्रिकिकमार्फत गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए । त्यसको पाँच मिनेटपछि फ्लोरियन विर्ट्जले दोस्रो गोल थपे । दोस्रो हाफमा रियो एन्गुमोहाले तेस्रो तथा खेलको अन्त्यतिर भिक्टर मुनोजले चौथो गोल गरे । जितसँगै लिभरपुल ११ खेलबाट २१ अंक जोड्दै प्रिमियर लिगको चौथो स्थानमा उक्लिएको छ । लिगको शीर्ष स्थानमा रहेको आर्सनलभन्दा लिभरपुल सात अंकले पछाडि छ । लगातार खराब प्रदर्शन गरिरहेको म्यानचेस्टर युनाइटेड भने ११ खेलबाट आठ अंकसहित २० टोली सहभागी लिगको १९औं स्थानमा झरेको छ ।

अर्थ/कर्पोरेट समाचार

सोमबार बढ्यो सुनको मूल्य



पाल्पा, मंसिर ७/ नेपाली बजारमा सोमबार सुन -चाँदीको मूल्य बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुनको भाउ तोलामा ४ हजार ८ सय रुपैयाँले बढेको हो ।

योसँगै प्रतिततोला सुन २ लाख ४७ हजार ४ सय रुपैयाँ कायम भएको छ । हिजो सुन तोलामा २ लाख ४२ हजार ६ रुपैयाँमा कारोबार भएको थियो । सोमबार चाँदीको भाउ पनि बढेको छ । चाँदी तोलामा ४५ रुपैयाँले बढेको छ । यससँगै चाँदी तोलामा ३ हजार ११० रुपैयाँ कायम भएको छ । अघिल्लो दिन चाँदी तोलामा ३ हजार ६५ रुपैयाँमा कारोबार भएको थियो । यो समाचार तयार पार्दासम्म अन्तर्राष्ट्रिय बजारमा प्रतिऔंस सुन ८२ डलरले बढेर ३ हजार ६ सय २३ डलरमा कारोबार भइरहेको छ । सुनले यसअघि ३ हजार ५ सय डलर आसपासमा टेवा खोजिरहेको थियो । १४ महिनाकै न्यून विन्दुसम्म पुगेपछि सुनको मूल्य फर्किन थालेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् । सिएनबिसीले सेयर बजारमा आएको गिरावटको लाभ सुनको मूल्यमा पनें देखिएको समाचारमा उल्लेख गरेको छ ।

हार्दिक समवेदना



जन्म : १५४८/०३/१६ गते

दिवंगत : वि.सं.२०८३/०७/२६ गते

स्व. प्रा.डा.ओमकृष्ण मल्ल

तानसेन नगरपालिका- ६ भीमसेनटोल निवासी मुनन्कमी परिवारको छोरी एवं गोङ्गल परिवारको भाञ्जी डा. पुष्पा मल्लको पति एवं डा.दीप मल्ल, आतिस मल्लका पूजनिय पिता **प्रा.डा.ओमकृष्ण मल्ल**को २०८३ कार्तिक २६ गते बिहीबारका दिन ८५ वर्षको उमेरमा भएको असामयिक दुःखद् निधनमा हामी अत्यन्त मर्माहत भएका छौं । वस दुःखद् घडीको १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वले प्रदान गरुन् भनी **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

समस्त मुनन्कमी एवं गोङ्गल परिवार
भीमसेनटोल, तानसेन, पाल्पा

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु. ४००/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ३००/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ३५०/

सरकारी तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु.५५०/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ४५०/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ५००/-

डिस्प्ले		अन्य	
डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट	ठूलो डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट
प्रति बक्स	रु. २००/- (१५५ सि.सि.)	प्रति बक्स	रु. १५००/- (२५१० सि.सि.)
राहदानी	रु. ८००/-	प्वाइन्टर	रु. १०००/-

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

मनको आवाज.....

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ५४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक सोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८५८, ५२१८५५
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५ तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. १८/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई